# भिमाद नगरपालिका
**BHIMAD MUNICIPALITY**
## नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
भिमाद, तनहुँ
**Bhimad, Tanahun**
२०७३/**2073**

गण्डकी प्रदेश, नेपाल
**Gandaki Province, Nepal**

प.सं./Ref No.:- २०८०/०८१

च.नं./Des No.:-

विषयः सेवा करारमा लिने सम्बन्धी दरखास्त आव्हान गरिएको सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८०/०४/१० गते बुधवार

प्रस्तुत विषयमा भिमाद नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, भिमाद, तनहुँमा आवश्यक सूचना प्रविधि अधिकृत पद सेवा करारमा लिनको लागि गठित पदपूर्ति समितिको मिति २०८०/०४/१० गतेको वैठकवाट निर्णय भएकोले सो पदमा सेवा करारमा काम गर्न ईच्छुक तपसिल वमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका आवश्यक कागजातहरु निवेदक आफैले प्रमाणित गरी तोकिएको ढाँचामा यस कार्यालयमा निवेदन दिन दरखास्त आह्वान गरिन्छ ।

<u>तपसिल</u>

| क्र.सं | विज्ञापन नं. | पद | श्रेणी/तह | संख्या | काम गर्नुपर्ने कार्यालय |
|---|---|---|---|---|---|
| १ | १-२०८०/०८१ | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर छैटौं | १ | भिमाद नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भिमाद-६, तनहुँ |

१. आवश्यक न्युनतम योग्यता, अनुभव र कागजातहरुः-
   - क. मान्यता प्राप्त शिक्षण संस्थावाट Computer वा Information and communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSC.CSIT) गरेको प्रमाणपत्रको प्रतिलिपि,
   - ख. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
   - ग. सम्वन्धित पदको वा सो संग सम्वन्धित कार्य अनुभवको प्रमाण पत्र,
   - घ. न्युनतम भन्दा माथिल्लो योग्यता भए सोको प्रमाणपत्रको प्रतिलिपि,
   - ङ. पासपोर्ट साइजको २ प्रति फोटो,
   - च. निवेदन दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ,
   - छ. प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनुपर्नेछ ।

२. दरखास्त दिने स्थानः- भिमाद नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भिमाद-६, तनहुँ ।

३. दरखास्त दिने अन्तिम मितिः- २०८० श्रावण २४ गते बुधवार कार्यालय समय वेलुका ५ वजे भित्र ।

४. सेवा सुविधाः सेवा करार सम्झौता वमोजिम हुनेछ ।

५. दरखास्त दस्तुरः रु.१०००।

६. छनौट परीक्षाः- तोकिएको मिति भित्र दरखास्त पेश गर्ने उम्मेदवारहरुको संलग्न कागजातहरु परिक्षण गरी योग्य उम्मेदवारहरुको दरखास्त स्वीकृत गरी प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरिनेछ र सो सूचिमा समावेश भएका उम्मेदवारहरुको लिखित परिक्षा, प्रयोगात्मक परिक्षा र अन्तरवार्ता हुनेछ ।

२०८०।४।१०

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनमा विस्तारः पूर्वाधार विकास समृद्ध भिमादको आधार"

Contact No:- 065-572436, Website:bhimadmun.gov.np, Email:info@bhimadmun.gov.np, bhimadmunicipality@gmail.com